# सार्वजानिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७

**प्रस्तावना**: भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५९क. मा भएको व्यवस्था बमोजिम सार्वजानिक प्रकृतिको जग्गा प्रयोग गर्न स्वीकृति दिने सम्बन्धी विषयलाई थप व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले यो मापदण्ड जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम सार्वजानिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(क) "ऐन" भन्नाले भूमि सम्बन्धी ऐन, २०२१ सम्झनु पर्छ ।

(ख) "नियम" भन्नाले भूमि सम्बन्धी नियमहरु, २०२१ सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय सम्झनु पर्छ ।

(घ)"विभाग" भन्नाले भूमि व्यवस्थापन तथा अभिलेख विभाग सम्झनु पर्छ ।

(ङ)"कार्यालय" भन्नाले भूमिसुधार तथा मालपोत कार्यालय/मालपोत कार्यालय सम्झनु पर्छ ।

(च) "निकाय" भन्नाले सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा सरकारी अस्पताल वा सरकारी प्रयोजनको लागि जग्गा माग गर्ने सम्झनु पर्छ।

(छ) "सिफारिस समिति" भन्नाले दफा ६ बमोजिमको समिति सम्झनु पर्छ ।

(ज)"सार्वजानिक जग्गा" भन्नाले सार्वजानिक प्रयोजनको लागि रहेका परापूर्वकालदेखि रहेको घर, जग्गा, ढल वा बाटो, कुवा, पँधेरो, पानीघाट, इनार, पोखरी तथा त्यसको डील, गाईवस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्त्यष्टिस्थल, चिहान, मसानघाट, समाधिस्थल, कब्रिस्थान रहेको जग्गा, पाटी, पौवा, देवल, धार्मिक उपासनास्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जीद, इदगाह, कव्रस्थान, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा, हाट, मेला, सार्वजानिक रुपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा, सार्वजानिक प्रयोजनको लागि कसैले प्रदान गरेको निजी जग्गा वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजानिक जग्गा भनी तोकिदिएको अन्य जग्गा सम्झनु पर्छ ।

३. **सार्वजानिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउन सकिनेः** (१) सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा सरकारी अस्पताल वा सरकारी प्रयोजनको लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भए पनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक हुने देखिएमा नेपाल सरकारले प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।

(२) सार्वजनिक प्रकृतिको जग्गा सरकारी निकाय बाहेक गैर सरकारी प्रकृतिका निकायलाई प्रयोग गर्न उपलब्ध गराइने छैन।

सचिव

(३) सार्वजनिक प्रकृतिको जग्गा नेपाल सरकारको नाममा सार्वजनिक प्रकृतिको जनाई दर्ता भएपछि मात्र प्रयोग गर्न दिन सकिनेछ ।

४. **प्रयोग गर्न दिइने अवधि र अधिकतम हदः** (१) दफा ३ बमोजिम प्रयोग गर्न उपलब्ध गराइने जग्गाको प्रयोग अवधि आवश्यकता र प्रयोगका आधारमा बढीमा तीस वर्षको हुनेछ।

तर,

प्रयोग अवधि समाप्त भएपछि जग्गा प्रयोग गर्ने निकायको माग र औचित्यको आधारमा सिफारिस समितिको सिफारिस समेत लिई नेपाल सरकारले प्रयोग अवधि थप गर्न सक्नेछ।

(२) प्रयोग गर्न उपलब्ध गराइने जग्गाको हद अनुसूची- १ बमोजिम हुनेछ।

५. **सार्वजनिक प्रकृतिको जग्गा उपलब्ध गराउने आधारहरु:** सिफारिस समितिले देहायका आधारमा सार्वजनिक प्रकृतिको जग्गा प्रयोगका लागि उपलब्ध गराउन सिफारिस गर्नु पर्नेछः

(क) सार्वजनिक जग्गा नै प्रयोग गर्न आवश्यक र उपयुक्त हो भन्ने स्पष्ट आधार,

(ख) प्रयोगमा लिनुको उद्देश्य, औचित्य र कार्ययोजना,

(ग) प्रयोगका लागि माग गरेको जग्गा रहेको स्थान र क्षेत्रफल,

(घ) प्रयोगमा उपलब्ध गराइने जग्गाको विषयमा स्थानीय तह वा वासिन्दाको प्रतिक्रिया,

(ङ) जग्गा संरक्षण हुने सुनिश्चितता,

(च) ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक महत्वका स्थलहरुका मौलिकतामा असर नपर्ने कुराको सुनिश्चितता,

६ **सिफारिस समितिः** (१) सार्वजनिक जग्गा प्रयोगमा उपलब्ध गराउने सम्बन्धमा सिफारिस गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी -संयोजक

(ख) सम्वन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सम्वन्धित डिभिजन वन अधिकृत -सदस्य

(घ) सम्बन्धित क्षेत्रको नापी कार्यालयको प्रमुख -सदस्य

(ङ) सम्बन्धित क्षेत्रको भूमिसुधार तथा मालपोत कार्यालय/मालपोत कार्यालयको प्रमुख -सदस्य-सचिव

(२) सिफारिस समितिले आवश्यकता अनुसार स्थानीय तहका प्रतिनिधि, विषयगत कार्यालयका प्रतिनिधि लगायत अन्य पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) सिफारिस समितिले बैठक सम्बन्धी आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

७. **निवेदन सम्बन्धी व्यवस्था:** सार्वजनिक जग्गा प्रयोगमा लिन चाहने निकायले देहाय बमोजिमका कागजात संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछः

(क) माग गर्ने जग्गाका विषयमा भएको निर्णयको प्रतिलिपि सहितको सक्कल माग पत्र,

(ख) जग्गा प्रयोगमा माग गर्नुको प्रयोजन र सो सम्बन्धी कार्ययोजना,

(ग) स्थानीय तहको कार्यपालिकाको बैठकबाट जग्गा उपलब्ध गराउने निर्णय सहित स्थानीय तहको सिफारिस,

(घ) जग्गा माग गर्ने निकायको केन्द्रीय निकायको सिफारिस,

सचिव

(ङ) जिल्ला सदरमुकाम र नगरपालिका क्षेत्रमा माग भएको जग्गा दैवी प्रकोप व्यवस्थापनका लागि आवश्यक नपर्ने भनि गृह मन्त्रालयको सिफारिस ।

८ **छानविन:** (१) दफा ७ बमोजिमका कागजात सहितको निवेदन प्राप्त भए पछि कार्यालयले माग भएको जग्गाको कित्ता स्पष्ट देखिने नक्सा वा ट्रेस नक्सा र फिल्डवुक सम्बन्धित कार्यालयबाट प्राप्त गरी माग भएको कित्ता जग्गाको विवरण कार्यालयको अभिलेखसँग भिड्ने, नभिडने सम्बन्धमा छानविन गर्नु पर्नेछ।

(२) कार्यालयले नापी कार्यालय, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहका वडा प्रतिनिधीको रोहवरमा सार्वजनिक जग्गा प्रयोगमा दिंदा सर्वसाधारणलाई तथा ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक महत्वका स्थलहरुका मौलिकतामा असर पर्ने, नपर्ने सम्बन्धमा स्थलगत सर्जमिन गर्नु पर्नेछ ।

९. **सिफारिस समितिमा पेश गर्ने:** (१) दफा ८ बमोजिम छानविन गर्दा सो जग्गा प्रयोगमा दिन उपयुक्त देखिएमा कार्यालयले आफ्नो राय सहित सिफारिस समितिमा पेश गर्नु पर्नेछ ।

(२) कार्यालयले नापी कार्यालय, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहका वडा प्रतिनिधीको रोहवरमा सार्वजनिक जग्गा प्रयोगमा दिंदा सर्वसाधारणको जनजिवनमा असर पर्ने/नपर्ने तथा ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक महत्वका स्थलहरुको मौलिकतामा असर पर्ने/नपर्ने सम्बन्धमा स्थलगत सर्जमिन गर्नु पर्नेछ ।

१०. **सिफारिस सम्बन्धी व्यवस्था:** कार्यालयबाट जग्गा माग गर्ने निकायको निवेदन सहितको कागजात प्राप्त भएपछि सिफारिस समितिले सो सम्बन्धमा आवश्यक जाँचवुझ गर्नेछ । यसरी जाँचवुझ गर्दा माग भएको जग्गा प्रयोग गर्न दिन उपयुक्त देखिएमा दफा ५ बमोजिमका आधार समेत खुलाई देहाय बमोजिमका कुराहरु समेत उल्लेख गरी सिफारिस गर्नेछः

क. प्रयोगमा उपलब्ध गराउने जग्गाको विवरण,

ख. प्रयोग अवधि,

ग. प्रयोग गर्न लिने निकायले पालना गर्नु पर्ने शर्तहरु।

११. **स्वीकृति सम्बन्धी व्यवस्था:** (१) दफा ६ बमोजिमको सिफारिस समितिबाट दफा १० बमोजिम जग्गा प्रयोगमा उपलब्ध गराउने सिफारिस भएमा कार्यालयले सिफारिस समितिको निर्णयको प्रतिलिपि सहितका आवश्यक कागजात विभागमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यालयबाट लेखी आएमा विभागले आफ्नो राय सहित मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विभागबाट लेखी आएमा मन्त्रालयले स्वीकृतिको लागि नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्न सक्नेछ।

(४) उपदफा ३ बमोजिमको प्रस्ताव नेपाल सरकारबाट स्वीकृत भएमा सो को जानकारी मन्त्रालयले विभाग मार्फत कार्यालयमा पठाउनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृति बमोजिम प्रयोगमा दिएको जग्गाको सिमाङ्कन तथा रेखाङ्कन गर्ने कार्य सम्बन्धित मालपोत कार्यालय र नापी कार्यालयले गर्नु पर्नेछ।

सचिव

१२. <u>जग्गा प्रयोग गर्ने निकायसँग सम्झौता गर्नुपर्ने:</u> दफा ११ बमोजिम नेपाल सरकारबाट निर्णय भएमा निर्णय हुँदा तोकिएका शर्त समेत उल्लेख गरी अनुसूची- २ बमोजिमको ढाँचामा कार्यालयले जग्गा प्रयोग गर्ने निकायसँग सम्झौता गर्नु पर्नेछ।

१३. <u>सार्वजनिक जग्गाको प्रयोग प्रमाणपत्रः</u> दफा १२ बमोजिम सम्झौता भएपछि कार्यालयले अनुसूची ३ बमोजिमको ढाँचामा प्रयोगकर्ता निकायलाई जग्गाको प्रयोग प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ।

१४. <u>जग्गा प्रयोग गर्ने निकायको कर्तव्य र दायित्वः</u> (१) सार्वजनिक जग्गा प्रयोग गर्ने निकायले जग्गा प्रयोग गर्दा सम्झौतामा तोकिएका शर्तहरु पालना गर्नु पर्नेछ।

(२) जग्गा प्रयोग गर्ने निकायले सार्वजनिक जग्गाको उचित संरक्षण गर्नु पर्नेछ।

(३) जग्गा प्रयोग गर्ने निकायले जुन प्रयोगको लागि जग्गा माग गरेको सोही प्रयोजनमा प्रयोग गर्नु पर्नेछ।

१५. <u>प्रयोग स्वीकृति रद्द गर्न सक्नेः (१)</u> कार्यालयले देहायको अवस्थामा प्रयोग स्वीकृति रद्द गर्ने कारवाही चलाउन सक्नेछः

(क) प्रयोग गर्न दिएको जग्गा नेपाल सरकारलाई अन्य प्रयोजनका लागि आवश्यक परेमा,

(ख) जग्गा प्रयोगमा लिने निकाय नरहेमा,

(ग) जग्गा प्रयोग गर्ने निकायले जग्गा प्रयोगमा लिंदा तोकिएका शर्तहरु पालना नगरेमा,

(घ) प्रयोग अवधि समाप्त भएमा,

(ङ) जुन प्रयोजनका लागि प्रयोगमा लिएको हो सो भन्दा फरक प्रयोजनमा प्रयोग गरेमा वा कार्ययोजना बमोजिम प्रयोग नगरेमा वा जग्गाको उचित संरक्षण नगरेमा ।

(२) कार्यालयले सार्वजनिक जग्गा प्रयोग गर्ने स्वीकृति रद्द गर्ने सिफारिस गर्नु अगाडि रद्द गर्नुको कारण उल्लेख गरी जग्गा प्रयोग गर्ने निकायबाट १५ दिनको म्याद दिई प्रतिक्रिया लिनेछ ।

(३) उपदफा २ बमोजिम प्रयोग गर्ने निकायले चित्तवुझ्दो प्रतिक्रिया नदिएमा वा तोकिएको म्याद भित्र कुनै प्रतिक्रिया प्राप्त नभएमा जग्गा प्रयोग गर्ने सम्झौता रद्द गर्न कार्यालयले समितिमा पेश गर्नु पर्नेछ।

(४) सिफारिस समितिले प्रयोग स्वीकृति रद्द गर्न उपयुक्त देखेमा सम्झौता रद्द गर्न सिफारिस गर्नेछ।

(५) उपदफा ४ बमोजिम सिफारिस भई आएमा कार्यालयले विभागमा र विभागले मन्त्रालयमा राय सहित लेखी पठाउनेछ।

(६) विभागबाट लेखी आएमा प्रयोग अनुमति रद्द गर्न मन्त्रालयले नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न सक्नेछ।

(७) नेपाल सरकारबाट प्रयोग स्वीकृति रद्द गर्ने निर्णय भएमा सो को जानकारी मन्त्रालयले विभाग मार्फत कार्यालयमा पठाउनु पर्नेछ।

(८) कार्यालयले प्रयोग स्वीकृति रद्द भएको व्यहोरा जग्गा धनी दर्ता स्रेस्तामा जनाई सो को जानकारी जग्गा प्रयोग गर्ने निकायलाई दिनु पर्नेछ।

१६. <u>अनुगमन तथा निरीक्षणः</u> (१) प्रयोग गर्न उपलब्ध गराइएका जग्गा शर्त बमोजिम प्रयोग गरे नगरेको विषयमा कार्यालयले कम्तिमा वर्षमा एक पटक अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

(२) प्रयोग गर्न उपलब्ध गराइएको जग्गाको विषयमा विभाग र मन्त्रालयले जुनसुकै बखत अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।



सचिव

(३) कार्यालय, विभाग र मन्त्रालयले अनुगमन तथा निरीक्षणका क्रममा प्रयोग गर्न उपलब्ध गराइएका जग्गाको सम्बन्धमा जग्गा प्रयोग गर्ने निकायलाई आवश्यक निर्देशन दिन, सुझाव वा ध्यानाकर्षण गराउन सक्नेछ।

१७. **अभिलेख सम्बन्धी व्यवस्थाः** (१) कार्यालयले नेपाल सरकारबाट जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धमा भएको निर्णयको व्यहोरा जग्गाको स्रेस्तामा जनाउनु पर्नेछ।

(२) कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र प्रयोगमा उपलब्ध गराइएका जग्गाको अभिलेख छुट्टै रजिष्टर खडा गरी अध्यावधिक गरी राख्नु पर्नेछ र त्यस्तो अभिलेख विभागमा पठाउनु पर्नेछ।

(३) मन्त्रालय र विभागले प्रयोगमा उपलब्ध गराएको जग्गाको अभिलेख व्यवस्थित गर्नु पर्नेछ ।

(४) प्रयोग गर्न उपलब्ध गराइएको जग्गाको वार्षिक प्रतिवेदन कार्यालयले विभागमा र विभागले एकीकृत प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

## अनुसूची-१
(दफा ४ सँग सम्बन्धित)

| सि. नं. | प्रयोगमा लिने निकाय | प्रयोगमा उपलब्ध गराउन सकिने जग्गाको अधिकतम क्षेत्रफल | | | | |
|---|---|---|---|---|---|---|
| | | हिमाली जिल्ला (रोपनी) | काठमाण्डौ उपत्यका बाहेक सम्पूर्ण पहाडी जिल्ला (रोपनी) | भित्री मधेश र तराईका जिल्ला (विगाहा) | काठमाण्डौ उपत्यका (रोपनी) | कैफियत |
| १. | सरकारी निकाय | आवश्यकता अनुसार | | | | |
| २. | सरकारी विद्यालय | ५० | ६० | ५ | १५ | |
| ३. | सरकारी स्वास्थ्य केन्द्र | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको मापदण्ड अनुसार | | | | |
| ४. | सरकारी अस्पताल | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको मापदण्ड अनुसार | | | | |

अनुसूची - २

(दफा १२ सँग सम्बन्धित)

**सार्वजनिक जग्गा प्रयोगमा लिने र कार्यालय बीचको सम्झौतापत्र**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०.../.../... को निर्णयानुसार .......प्रयोजनका लागि उपयोगमा उपलब्ध गराईएको देहायमा उल्लिखित जग्गा देहायका शर्तनामा पालना गर्ने गरी प्रयोग गर्न स्वीकृति पाएको निकायले (यस पछि प्रथम पक्ष भनिएको) प्रयोग गर्ने र प्रयोग प्रमाण पत्रमा रहेका सर्तनामा पालना नगरेको पाईएमा कार्यालयले (यस पछि दोस्रो पक्ष भनिएको) जग्गा प्रयोग गर्न दिईएको स्वीकृति बदर गर्ने तर्फ कारवाही गर्ने सम्बन्धमा दुवै पक्ष मन्जुरी भई यो सम्झौता पत्रमा हस्ताक्षर गर्दछौ।

**(क) प्रयोगमा उपलव्ध गराइएको जग्गाको विवरण**

| सि.नं | प्रमाण संकेत | जिल्ला | न.पा./गा.पा. | वार्ड.नं. | कि.नं. | नक्सा/सिट नं. | क्षेत्रफल | रोपनी/विगाहा/ हेक्टर/वर्ग मिटर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

(ख) शर्तनामाः ................................

१. .............................

२. ...........

३. ............

४. ........

<u>प्रथम पक्षः</u>

नाम,थरः

पदः

हस्ताक्षरः

निकायको नामः

ठेगानाः

सम्पर्क नं.

मितिः

निकायको छापः

<u>दोस्रो पक्षः</u>

नाम, थरः

पदः

हस्ताक्षरः

कार्यालयको नामः

ठेगानाः

सम्पर्क नं.

मितिः

कार्यालयको छापः

ईति सम्बत ........................... साल..... महिना...गते...रोज शुभम्

अनुसूची- ३

(मापदण्डको दफा १३ संग सम्बन्धित)

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

मालपोत कार्यालय..........................

**सार्वजनिक जग्गाको प्रयोग प्रमाणपत्र**

श्री ..................................

......................................

दर्ता नं.

नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति .......................को निर्णयानुसार नेपाल सरकारको नाममा कायम रहेको देहाय अनुसारको सार्वजानिक जग्गा प्रयोग गर्न उपलब्ध गराउने निर्णय भएकोले यो प्रमाणपत्र दिइएको छ ।

**प्रयोग गर्न उपलव्ध गराइएको जग्गाको विवरण**

| सि.नं | प्रमाण संकेत | जिल्ला | न.पा./गा.पा. | वार्ड.नं. | कि.नं. | नक्सा/सिट नं. | क्षेत्रफल | रोपनी/विगाहा/हेक्टर/वर्ग मिटर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रयोग अवधिः-

कार्यालयको छाप

प्रमाण पत्र दिने अधिकारीको,-

नाम, थरः

पदः

हस्ताक्षरः

कार्यालयको नामः

मितिः

सचिव